# बटेश्वर गांउपालिका

## आर्थिक ऐन, २०७५

*कार्यपालिकाबाट स्वीकृत मिति : –२०७५।०३।१०*

बटेश्वर गांउपालिका

धनुषा

*गंउ सभाबाट अनुमोदन भएको मिति : – २०७५।०३।२४ गते*

गाउँपालिकाको आर्थिक ऐन,२०७५

बटेश्वर गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना :

बटेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयनगर्ने प्रयोजनको निमित्त स्थानीय कर, शुल्क,दस्तुर र जरिवाना संकलनगर्न, छुट दिने तथाअन्यआयको संकलनको प्रशासनिक व्यवस्थागर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २३० बमोजिम बटेश्वर गाउँपालिकाको गाउ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्तनाम र प्रारम्भ : (१) यस ऐनकोनाम बटेश्वर गाउँपालिकाको आर्थिक ऐन, २०७५"रहेकोछ।

**२. यो ऐन** बटेश्वर गाउँपालिका क्षेत्रमाआर्थिक बर्ष २०७५।०७६ को लागिलागु हुनेछ।

१। एकीकृत सम्पति कर :- बटेश्वर गाउँपालिका क्षेत्र भित्र अनुसूचीमा उल्लेख भए बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

२। **भूमि कर (मालपोत)** : बटेश्वर गाउँपालिका क्षेत्रभित्र अनुसूचीमाउल्लेख भए बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३। **घर जग्गाबहाल कर**ः बटेश्वर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचीमाउल्लेख भए बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४। **व्यवसाय कर:**बटेश्वर गाउँपालिकाक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा, होटल, रेस्टुरेन्ट तथा रिसोर्टमा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचीमाउल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५। **जडिबुटी, कवाडी र जीवजन्तु कर:** बटेश्वर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषे ध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचीमा उल्लेख भए बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६। **सवारी साधन कर:** बटेश्वर गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचीमाउल्लेख भए बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७। **विज्ञापन कर:** बटेश्वर गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचीमाउल्लेख भए बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८। **मनोरन्जन कर:** बटेश्वर गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचीमाउल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९। **बहाल बिटौरी शुल्क:** बटेश्वर गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचीमा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०। **पार्किङ शुल्क:** बटेश्वर गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचीमाउल्लेख भए बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११। **सेवा शुल्क, दस्तुर:** बटेश्वर गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचीमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२। **पर्यटनशुल्क:**बटेश्वर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूचीमा उल्लेख भएको दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१३। **कर छुट:**तोकिए बमोजिम बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४। **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिका ले तोके अनुसार हुने छ ।

१५। अनुसुचीमा उल्लेख नभएका हकमा साविकमा कायम रहेको करको दर कायम हुनेछ । साविकमा समेत उल्लेख नभएको क्षेत्रमा गाउँपालिका ले करको दर कायम गरी लागू गर्नेछ ।

## आ.व. २०७५।०७६ को कर को दर रेटविवरण

**धनहर तर्फको मालपोत :**

| मालपोत | अवल | दोयम | सिम | चाहर |
|---|---|---|---|---|

| आ.व. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रतिकठा १ को | रु १०। | | रु.९।- | - | रु.८।- | | रु.७।- | |
| नोट : मालपोत रकम रु. १० भन्दा घटी हुने भए रु.१०।०० न्यूनतमकायमगरिने छ । | | | | | | | | |

नोटः साविकगा.वि.स.हुदावाकीमालपोत एक पटक को लागि सूचनाजारी गरि माथिउल्लेखित दरमाअसुलगरिने छ र त्यसरी पनिअसूलगर्न वाकीमालपोत वार्षि्क १० प्रतिशतहर्जना थपगरि असुलगरिने छ ।

**घर जग्गा कर तर्फ :**

| सि.नं. | विवरण | १ देखि ९०० व.फि.सम्म प्रतिघर | | ९०१ देखि १८०० व.फि. सम्म प्रतिघर | | १८०१ देखि २७०० व.फि. सम्म प्रतिघर | | २७०१ देखि ३६०० व.फि. सम्म प्रतिघर | | सो भन्दा वढी को हकमा सोहि अनुपातमा वृद्दि गरिने छ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.व. | | | | | | | | | | |
| १ | कच्ची फुस घर | ३५।- | | ४५।- | | ५०।- | | ६०।- | | | |
| २ | कच्ची खपडा घर | ८०।- | | १००।- | | १२०।- | | १५०।- | | | |
| ३ | काठको एक तल्ले जस्ता | १००।- | | १२०।- | | १५०।- | | १८०।- | | | |
| ४ | पक्कि खपडा घर | १५०।- | | १७०।- | | २००।- | | २३०।- | | | |
| ५ | भुई तल्ले पक्किघर | २००।- | | २५०।- | | ३००।- | | ३३०।- | | | |
| ६ | पक्किएकतल्ले घर | २५०।- | | ३००।- | | ३५०।- | | ४००।- | | | |
| ७ | पक्किदुईतल्ले घर | ३००।- | | ३५०।- | | ४००।- | | ५००।- | | | |
| ८ | पक्कितिनतल्ले घर | ३५०।- | | ४००।- | | ४५०।- | | ५५०।- | | | |
| ९ | पक्किचारतल्ले घर | ४००।- | | ४५०।- | | ५००।- | | ६००।- | | | |

**वहाल विटौरी कर :–**

यस गाउपालिकाका विभिन्न स्थानमा रहेको पसलवन्दोवस्तीको २०७५।०७६मा प्रति पसल रु.१०००।-असुलउपर गरिने छ ।

**व्यवसाय करको दररेट**

| सि. नं. | नं. | व्यवसायको नाम | हाललिई रहेको | आ.व. २०७५।०७६ |
|---|---|---|---|---|
| १ | १.१ | चुरोट विकेता | | १०००।- |
| | १.२ | रक्सी | | |
| | | क.श्रेणी मदिरा, कोक, फेन्टा एजेन्सी | | १०००। |
| | | ख.श्रेणी ,माछा,मासु मदिरा पसल | | ५००।- |
| | १.३ | सुन चादीपसल | | |
| | | क.श्रेणी २ लाखभन्दामाथी | | १०००।- |
| | | ख.श्रेणी २ लाख सम्म | | ७००।- |
| | १.४ | भिडीयो क्यासेट,सि.डी. रेकर्डर तथाविकेता | | ५००।- |
| २ | २.१ | निर्माण सामग्रीपसल | | |
| | | क.श्रेणी २ लाखभन्दामाथी | | ७००।- |

| | | | | |
|---|---|---|---|---|
| | | ख.श्रेणी २ लाख सम्म | | ५००।- |
| | २.२ | हार्ड वेयर फलामएलेक्ट्रीक पसल | | |
| | | क.श्रेणी १ लाखभन्दामाथी | | १०००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ५००।- |
| | २.३ | कम्प्यूटर टि.भी.मोवाईल कैमरा पसल | | ५५०।- |
| | २.४ | इलेक्ट्रीक पसल | | |
| | | क.श्रेणी ५०हजार भन्दामाथी | | ५००।- |
| | | ख.श्रेणी ५० हजार सम्म | | ३००।- |
| | २.५ | कारपेट | | |
| | | क.श्रेणी १ लाखभन्दामाथी | | ६००।० |
| | | ख.श्रेणी १ लाख सम्म | | ५००।० |
| | २.६ | पेट्रोलियमपदार्थ | | |
| | | क.श्रेणी डिजल,मट्टीतेल पेट्रौल,मोविलभएको | | १०००।- |
| | | | | - |
| ३. | ३.१ | किरानापसल | | |
| | | क.श्रेणी १ लाखभन्दामाथी | | ५००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ३६०।- |
| | ३.२ | कपडा पसल | | |
| | | क.श्रेणी १ लाखभन्दामाथी | | १०००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ५००।- |
| | ३.३ | रेडीमेड कपडा पसल | | |
| | | क.श्रेणी १ लाखभन्दामाथी | | १०००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ५००।- |
| | ३.४ | सवारी साधनविक्रेता | | |
| | | क.श्रेणी ट्रेक्टर विक्रेता | | ३०००।०० |
| | | ख.श्रेणी मोटरसाईकलविक्रेता | | २०००।०० |
| ४ | ४.१ | विशषज्ञ,परामर्श तथाअन्यव्यवसायी | | |
| | | क. चिकित्सक, कविराज,दन्त चिकित्सक,पशु चिकित्सक | | १०००।०० |
| | | ख.ईन्जिनियर पेशामा | | १०००।०० |
| | | ग.कानूनव्यवसायी पेशामा | | ७००।०० |
| | | घ.लेखा परिक्षक पेशामा | | ६५०।०० |
| | | ङ. विमाएजेन्ट पेशामा | | ६५०।०० |
| | | च. सर्भेयर (अमिन पेशा )मा | | ६५०।०० |
| ५ | ५.१ | निर्माण व्यवसायी ठेकेदार | | २०००।- |
| ६. | ६.१ | उत्पादनमूलकउद्योग | | १०००।- |

| | | | | |
|---|---|---|---|---|
| ७ | ७.१ | उर्जा मूलकउद्योग | | १०००।- |
| ८. | ८.१ | कृषितथाबन्यजन्यउद्योग | | |
| | | क.श्रेणी स:मिल (काठ चिरान ) | | २५००।- |
| | | खश्रेणी फर्निचर उद्दोग | | १०००।- |
| | ८.१ | गल्ला भण्डार | | ५००। |
| ९ | ९.१ | पर्यटन उद्योग | | |
| | | क.श्रेणी होटल तथालज(बास वस्ने) | | १०००।- |
| | | ख.श्रेणी लज ( वास वस्ने ) मात्र | | ९००।- |
| | | ग श्रेणी होटल ( खानाखाने )भोजनालय | | ५००।- |
| | | घ.रेष्टुरेण्ट एण्ड वार | | १०००।- |
| | | ड.ट्राभल एजेन्सी | | १०००।- |
| १० | सेवामुलकव्यवसाय | | | |
| | १०.१ | छापाखाना (प्रेस ) | | |
| | | क.श्रेणी १ लाखभन्दामाथी | | १०००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ७००।- |
| | १०.२ | चलचित्रसिनेमाहल | | १५००।- |
| | १०.३ | फोटोकापी स्टुडियो | | |
| | | क.श्रेणी फोटोकापीमसिनभएको | | ५००।- |
| | | ख.श्रेणी फोटो स्टुडियो | | ४००।- |
| ११ | ११.१ | कसर उद्योग | | २०००।- |
| १२ | ११.१ | संचार सेवा | | |
| | | क..छपाई तथाप्रकाशन | | ५००।- |
| | | ख.निजी क्षेत्रको टेलीफोन वुथ इन्टरनेट | | ७००।- |
| | | ग. निजीहुलाककुरियर सेवा | | ३००।- |
| १३ | १३.१ | वित्तिय सेवा | | |
| | | क आर्थिक कारोवार गर्ने बैक | | २०००।- |
| | | ख वित्तीय संस्था | | १५००। |
| | | ग. विमाकम्पनी | | २०००।- |
| | | घ. सहकारी बैक | | २०००।- |
| १४ | १४.१ | स्वास्थ्य सेवा | | |
| | | क. गैर सरकारी अस्पताल | | १५००।- |

| | | | | |
|---|---|---|---|---|
| | | ख. क्लिनिक तथा लैब | | ५००।- |
| १५ | १५.१ | शिक्षा सेवा | | |
| | | क निजी क्षेत्रकाप्रा.स्कूल | | १०००।- |
| | | ख ,, ,, मा. स्कूल | | १५००।- |
| | | ग, तालिमतथा अनुसंधान केन्द्र | | १०००।- |
| १६ | १६.१ | मर्मत संभार सेवा | | |
| | | १.बस ट्रक ट्रेक्टर मर्मत पसल | | ५००।०० |
| | | २.कार,जिप,टेम्पो,टेक्सी मर्मत पसल | | ५००।०० |
| | | ३.मोटरसाईकलमर्मत पसल | | ५००।०० |
| | | ४. साईकलमर्मत पसल | | १००।०० |
| | | ५. रेडियो टी.भी. मर्मत पसल | | ५००।०० |
| | | ६.घडी मर्मत पसल | | २००।०० |
| | | ७. प्रेसरकुकर,गैसचुल्हामर्मत पसल | | २००।०० |
| | | ८. विद्युत सा.मर्मत पसल(घरवाईरिग) | | ५५०।०० |
| १७ | १७.१ | अन्य सेवा | | |
| | | १. विज्ञापन सेवा | | ३६०।०० |
| | | २.बैदेशिक रोजगार | | १०००।०० |
| | | ३.स्वदेशी रोजगार | | ३६०।०० |
| | १७.२ | सूचीकार ( दर्जी टेलर पसल ) | | |
| | | क श्रेणी २ भन्दा बढी मसिनभएको | | ४००। |
| | | ख.श्रेणी २ वटा मसिन सम्म | | २००।- |
| | १७.३ | हजामपसल सैलुन | | |
| | | क श्रेणी व्यूटी पार्लर पसल | | ३६०।- |
| | | ख.श्रेणी सैलुन ( हजामपसल ) | | ३५०।- |
| | १७.४. | साईनबबोर्ड वनाउने पेन्टर कलाकार | | ३६०।- |
| | १७.५. | मासु विकेतापसल | | ५००।- |
| | १७.६ | फुलतथाविरुवाविक्रिपसल | | २००।- |
| | १७.७ | सिसा प्लाई वोड पसल | | |
| | | क.श्रेणी १ लाखभन्दामाथी | | ५००।०० |
| | | ख.श्रेणी १ लाख सम्म | | ३००।०० |
| | १७.८ | स्टील तथा काष्ठ फर्निचर | | |

| | | | | |
|---|---|---|---|---|
| | | क.श्रेणी  १ लाखभन्दामाथी | | ५००।०० |
| | | ख.श्रेणी  १ लाख सम्म | | ४५०।०० |
| | १७.९ | भाडा वर्तन पसल | | |
| | | क.श्रेणी  १ लाखभन्दामाथी | | ५००।०० |
| | | ख.श्रेणी  १ लाख सम्म | | ३६०।०० |
| | १७.१० | खिलौना गिफट उपहार पसल | | १००।०० |
| | १७.११ | केवुल नेट वर्क सर्विस | | ५००।०० |
| १८ | १८.१ | जुत्ताचप्पलपसल | | |
| | | क.श्रेणी  १ लाखभन्दामाथी | | ५००।- |
| | | ख.श्रेणी  १ लाख सम्म | | ४००।- |
| १९ | १९.१ | जुत्ताचप्पलवनाउने पसल | | २५०।- |
| २० | २०.१ | पुस्तकतथा स्टेशनरी पसल | | |
| | | क.श्रेणी  १ लाखभन्दामाथी | | ५००।- |
| | | ख.श्रेणी  १ लाख सम्म | | ३६०।- |
| २१ | २१.१ | औषधीपसल | | |
| | | क.श्रेणी  १ लाखभन्दामाथी | | १०००।- |
| | | ख.श्रेणी  १ लाख सम्म | | ६००।- |
| २२ | २२.१ | चश्मापसल | | २००।- |
| २३ | २३.१ | फेन्सी पसल | | |
| | | क.श्रेणी थौक विकेता १लाखभन्दामाथि | | ५००।- |
| | | ख.श्रेणी खुद्राविकेता १लाख सम्म | | ३००।- |
| २४ | २४.१ | ािमठाई पसल | | |
| | | क.श्रेणी ५० हजार भन्दामाथी | | ५००।- |
| | | ख.श्रेणी ५० हजार सम्म | | ३००।- |
| २५ | २५.१ | ल्थ तथा वेल्डींग | | |
| | | क.श्रेणी लेथ तथा वल्डींगको कार्य भएको | | ५००।- |
| | | ख.श्रेणी वेल्डींग को कार्य मात्रभएको | | ३००।- |
| २६ | २६.१ | कृषिमलखाध किट नाशकपसल | | ५००।- |
| २७ | २७.१ | कुखरा पालनपोल्टी फर्म | | ५००।- |
| २८ | २८.१ | ख्सीवंगुर पालन | | |
| | | क.श्रेणी १ लाखभन्दामाथी | | ५००।- |

| | | | | |
|---|---|---|---|---|
| | | ख.श्रेणी १ लाख सम्म | | ४००।- |
| २९ | २९.१ | च्यूरा मुरी तथा सेलर मिलउद्योग | | |
| | | क.श्रेणी १ लाखभन्दा बढी | | १०००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ३००।- |
| ३० | ३०.१ | धन कुटने,आटा तथामसालापिस्ने मिल | | |
| | | क.श्रेणी १ लाखभन्दा बढी | | ३५०।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ३००।- |
| | ३०.२ | तेल तथामसालाउद्योग | | |
| | | क.श्रेणी १ लाखभन्दा बढी | | ३५०।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ३००।- |
| ३१ | ३१.१ | चियानास्तापसल | | |
| | | क.श्रेणी २५ हजार भन्दा बढी | | ३००।- |
| | | ख.श्रेणी २५ हजार सम्म | | २५०।- |
| ३२ | ३२.१ | मनि ट्रान्सफर | | ५००।- |
| ३३ | ३३.१ | गैस सव डिलर | | ३००।- |
| ३४ | ३४.१ | गिटी वालुवा,ढुगा स्टोकगरी विक्रिगर्ने | | ५००।- |
| ३५ | ३५.१ | कंक्रिट पसल | | १०००। |

## <u>नक्सापास दस्तुर</u>

| विवरण | | | २०७५।०७६को |
|---|---|---|---|
| १ | नक्सापास गर्दा पक्कीभुई तल्लेको प्लिन्थ एरिया को प्रतिवर्ग फिट | | रु.२।- |
| २ | नक्सापास गर्दा पक्कीएकतल्ले को प्लिन्थ एरिया को प्रतिवर्ग फिट | | २.५।- |
| ३ | नक्सापास गर्दा पक्कीदुईतल्ले को प्लिन्थ एरिया र सो भन्दामाथिको तल्लाथपमाप्रतिवर्ग फिट | | ३.।- |
| ४ | पक्कि खपडा घर प्रतिवर्ग फिट | | रु. १.।- |
| ५ | कच्चि खपडाको,टिना,टायल घर इजाजत दस्तुर | | रु. २५०।- |
| ६ | फुसको घरको ईजाजत दस्तुर | | रु. २००।- |
| ७ | कम्पाउण्डवाल प्रतिवर्ग फिट | | रु. १.००।- |
| ८ | अन्यनक्शा सम्वन्धिकागजातप्रतिलिपी दस्तुर | | रु. १००।- |

| | | | |
|---|---|---|---|
| ९ | घर नक्शाको प्रतिलिपी दस्तुर | | रु. २१०।- |
| १० | प्राविधिक शुल्क | | रु. १०००।- |

## निवेदन तथा सिफारिस दस्तुर

| सि.नं. | विवरण | | दस्तुर ०७५।७६ को |
|---|---|---|---|
| १ | नक्साकितावलाई | | १०००।- |
| २ | निर्माण सम्पन प्रमाण पत्र | | १०००।- |
| ३ | घर वाटो सिफारिस १ किता सम्म<br>सो भन्दामाथिप्रतिकिता रु.५०। थ्प | | २००।- |
| ४ | व्यवसाय प्रमाणपत्र को प्रतिलिपीमाग्दा | | २००।- |
| ५ | नाता प्रमाणित सिफारिस दस्तुर | | १००।- |
| ६ | नामसारी दस्तुर | | ३००।- |
| ७ | मोही लगत कट्टा को सिफारिस | | ७००।- |
| ८ | ३५ दिन पछि दा.खा. गराउनआउदा जरिवाना | | १००।- |
| ९ | उद्योग स्थापनासिफारिस (१) ठुलो लाई<br>(२) सानो लाई | | ५००।-<br>३००।- |
| १० | चार किल्ला प्रमाणित दस्तुर एक किता सम्म | | १००।- |
| ११ | एक किता सम्म १०० र सो भन्दामाथि प्रतिकिता थप चौअदि प्रमाणित गर्दा | | ५०। |
| १२ | विद्युततथाखानेपानीपानीसिफारिस दस्तुर | | १००।- |
| १३ | दा.खा. दस्तुर | | २००।- |
| १४ | नागरिकतासिफारिस दस्तुर (वंशज)तथाप्रतिलिपी समेत | | १५०।- |
| १५ | नागरिकतासिफारिस दस्तुर (वैवाहिकअंगिकृत) | | २००।- |
| १६ | घर जग्गामूल्यांकन दस्तुर प्रतिहजारमा | | २।५० |
| १७ | राहदानीसिफारिस दस्तुर | | ४००।- |
| १८ | आयश्रोत प्रमाणित प्रति १ लाखमा रु | | ३००।- |
| १८ | छुट फुट अन्यसिफारिस दस्तुर | | १००।- |
| १९ | लालपुर्जाको प्रतिलिपीलिनसिफारिस गर्दा | | १००।- |
| २० | लालपुर्जामाफोटो टासी तिनपुस्ते को सिफारिस गर्दा | | २००।- |
| २१ | छुट जग्गा को सिफारिस गर्दा | | २००।- |
| २२ | कुनै सिफारिस अंग्रेजीमा गराउदालाग्ने सिफारिस दस्तुर दोव्वर लाग्ने | | ४००। |
| २३ | योजना कार्यसम्पन्न सिफारिस (वडावाट हुने सिफारिस) उपभोक्ता समिति तथा कोटेशनको हकमा | | १०००। |

| | | | |
|---|---|---|---|
| २४ | घर सम्पन्नको प्रमाण पत्रलिनआउदा २ वर्ष म्यद नाघेमा नियमितगर्ने वापत | | २५ प्रतिशत पास गर्दा लागेको द्स्तुरको |

**अन्य सेवाशुल्कतथा दस्तुर**

| | | |
|---|---|---|
| १ | प्राविधिक सेवाशुल्क ( सार्वजनिक सम्पतिवाहेक ) | १०००।- |
| २ | उजुरी दर्ता | ३००।- |
| ३ | जडिवुटी निकासीशुल्कप्रतिकेजि | ०.५० |
| ४ | दलहन,तेलहनप्रतिकेजि | ०.४० |
| ५ | उजुरी दर्ता( घरेलु महिला हिंसा तथा शारिरिक शोषण) | निशुल्क |

**पंजिकरण तर्फको दस्तु**

| |
|---|
| १)व्यक्तिगत घटना ३५ दिनभित्रदर्ता गराउदा ......................................रु.०।०० |
| सो भन्दा पछि ........................................................................रु.१००।०० |

**सवारी कर**

| क.सं. | सवारीको किसिम | वार्षिक | पटके स्वदेशि | विदेशी |
|---|---|---|---|---|
| १ | टक ,टीप्परवाट वालुवा गीटी ढुवानी गर्दा प्र.टि. | | १००।- | १६०।- |
| २ | बस तथा हेवी सवारी | १५००।- | २०।- | ५०।- |
| ३ | ट्रेक्टर (ढुवानी गर्दा ) लोड भएको वालुवा गीटी ढुवानी गर्दा प्र.टि. | १०००।- | १००।०० | १५०।- |
| ४ | कार जिप टेम्पो टेक्सी हलुका सवारी राती १२ बजे सम्म | ५००।- | १०।- | २५।- |
| ५ | ढक वाट फलफुल ओसार पसार गर्दा | | २००।०० | ३००।०० |

**विज्ञापन कर सम्वन्धमा :**

| क्र.सं. | विवरण | प्रतिवर्ग फिट रु | वार्षिक |
|---|---|---|---|
| १ | मादकपदार्थ धुम्रपान<br>क) होडिंगवोर्ड / डि.पि.एस.वोर्ड /ग्लो<br>ख) भित्ते लेखन<br>ग) तुलव्यानरमा | <br><br><br>२०।- | <br>५०।-<br>२५।- |

| | | | |
|---|---|---|---|
| २ | होटल तथाव्यापार व्यवसायको प्रवर्द्धन र सवारी साधन<br>क) होडिंगवोर्ड / डि.पि.एस.वोर्ड /ग्लो<br>ख) भित्ते लेखन<br>ग) तुलव्यानरमा | <br><br><br>१५।- | <br>४०।-<br>१५।- |
| ३ | अन्य<br>क) होडिंगवोर्ड / डि.पि.एस.वोर्ड /ग्लो<br>ख) भित्ते लेखन<br>ग) तुलव्यानरमा | <br><br><br>१५।- | <br>३०।-<br>८।- |
| | | | |

| | |
|---|---|
| | |
| **जे.सि.वि(व्याक हो लोडर) भाडामा दिदा प्रति घन्टा** | **रु १८००।००** |

नोटः जे.सि.वि(व्याक हो लोडर) भाडामा दिदा जुन सुकै उपभोक्ता समिति ,व्यक्ति ,संस्था वा ठेकेदारले लेखा शाखामा अग्रीम रुपमा कति घन्टाको लागि चाहिने हो भाडा वापतको रकम जम्मा गरेपश्चात मात्र जेसिवि पठाइने ।

**यस गांउपालिका मा रहेको जग्गा को कर प्रयोजनको लागि निम्न अनुसार दर रेट कायम गरिएको छः**

वडा नं १

| | | |
|---|---|---|
| १ कार्तिक कुमर देखि पुर्व र पश्चिम जाने वाटोले छोएको जग्गा | प्रति कठ्ठा | ५ लाख |
| २ कार्तिक कुमर देखि साविक छ नं वडा सम्मको सडक वाटोले छोएको | | २ लाख |
| ३ लबकुश बजार छेउछाउ १ कि.मि. भित्र | | ७ लाख |
| ४ लवकुश बजार देखि दक्षिण वडा भवन सम्म | | ४ लाख |
| ५. मटुक महतो रन्की देवी स्कुलको छेउछाउ | | २ लाख |
| ६. स्वास्थ्य चौकीको जग्गा हुँदै जाने चौरीको बाटो | | १ लाख ५० हजार |

वडा नं. २

| | |
|---|---|
| १. कार्तिक कुमर बजार देखी जनप्रिय मा.वि. जाने बाटो ले छोएको जग्गा | ५ लाख |
| २. गुम्बा चौक देखि दक्षिण वोर्डर सम्म जाने सडक बाटो ले छोएको जग्गा | ३ लाख |
| ३. जनप्रिय मा.वि. देखि सितापुर र राजपुर सम्म जाने सडक बाटोले छोएको जग्गा | ३ लाख |
| ४. सितापुर चौक देखि विगि सम्म जाने सडक बाटोले छोएको जग्गा | ३ लाख |

| | |
|---|---|
| ५. पाटुटोल देखि रमौली टोल सम्म जाने सडक बाटोले छोएको जग्गगा | ३ लाख |
| ६. रमौली टोल देखी सहिद चौक सम्म जाने सडक ले छोएको जग्गा | ३ लाख |

वडा नं. ३ र ४

| | |
|---|---|
| १. कृष्ण मन्दीर देखि राम्प्रे चौक सम्म पक्कि सडकले छोएको जग्गा | १० लाख |
| २. राम्प्रे चौक देखि खोला सम्म पक्कि सडक ले छोएको जग्गा | ५ लाख |
| ३. कृष्ण मन्दीर देखि गाउँपालिका सम्म सडकले छोएको जग्गा | १५ लाख |
| ४. पुन्य प्रसाद चौक देखि उत्तर पटि बटेश्वर गाउँपालिका को सिमाना सम्म सडक ले छोएको जग्गा | ४ लाख |
| ५. राम्प्रे चौक देखि उत्तर पटि पुरानो बटेश्वर गाविस को ४ नं र ५ नं. वडा जाने सडक बाटोले छोएको जग्गा रु | ३ लाख |

वडा नं. ५

| | |
|---|---|
| १. महेन्द्रनगर बाट आउने बाटोले छाएको सितापुर जाने सडकले छोएको जग्गा | ७ लाख |
| २. बटेश्वर बाट चन्द्रपुर बजार हुँदै बरदुरीया जाने  बाटोले छोएको जग्गा | ३ लाख |
| ३. साविक शान्तिपुर ६ नं. देखि साविक ९ नं. सम्म जाने बाटोले छोएको जग्गा | ७ लाख |
| ४. साविक २ नं. वडा को वस्ती भएको बाटो ले छोएको जग्गा | ५ लाख |
| ५. साविक २ नं. वडा को बस्ती नभएको बाटोले छोएको जग्गा | ३ लाख |
| ६. साविक ३ नं. कालिमन्दीर वडा कार्यालय हुँदै साविक वडा नं. ५ सम्मको सडक ले छोएको जग्गा | ५ लाख |
| ७. साविक ५ नं वस्ती देखि दक्षिण वरदुरिया वस्ती सम्म को सडकले छोएको जग्गा | ३ लाख |
| ८. साविक ९ वरदुरिया वस्ती सम्म सडकले छोएको जग्गा | ४ लाख |
| **गाउँपालिका क्षेत्र भित्र कुनै पनी सडकले नछोएको खेतियोग्य तथा चौरी जग्गाहरु** | **७५ हजार** |
| | |
| **आ. व. २०७५/०७६ को लागि एकिकृत सम्पति करको दर प्रति लाख** | **१०(दश) रुपैंया** |
| नोटः एकीकृत सम्पती करको हकमा कार्यपालिकाले निर्णय गरी प्रशिक्षण पश्चात मात्र लागु गरिनेछ। | |